प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# वागमती प्रदेश कार्यालय

हेटौडा, मकवानपुर

**डिप्लोमा/प्रमाण पत्र तहको स्वास्थ्य तर्फ सामान्य चिकित्सा ,नर्सिङ र फार्मेसी वाहेकका पूर्ण शुल्किय कार्यक्रमको योग्यताक्रमको सूची प्रकाशन गरिएको सम्वन्धी अत्यन्त जरुरी सूचना।**

**(सूचना प्रकाशन मिति २०८२।०५।०२)**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी भक्तपुरको मिति २०८२।०४।०५ गते प्रकाशित सूचना अनुसार यस प्रदेश अन्तर्गत रहेका शिक्षालयहरुमा डिप्लोमा / प्रमाण पत्र तहको स्वास्थ्य तर्फ **सामान्य चिकित्सा ,नर्सिङ र फार्मेसी वाहेकका** पूर्ण शुल्किय कार्यक्रमहरुमा अध्ययनका लागि अनलाइन मार्फत प्राप्त आवेदनहरु रुजु गरी प्रि-डिप्लोमा र डिप्लोमा तथा प्रमाण पत्र तहमा प्रशिक्षार्थी छनौट, छात्रवृती वितरण तथा भर्ना सम्वन्धी निर्देशिका, २०८२ वमोजिम एस.एल.सी./एस.ई.ई. को नतिजामा प्राप्त अङ्क/जी.पी.ए.का आधारमा र सामुदायिक तथा संस्थागत विद्यालय/शिक्षालयको अंकभारका आधारमा सम्वन्धित शिक्षालयको स्वीकृत कार्यक्रम तथा कोटामा कार्यटोलिवाट सिफारिस भई आएको नतिजा मिति २०८२।०५।०२ गतेको निर्णायानुसार मुख्य उम्मेदवार तथा वैकल्पिक उम्मेदवार सहितको योग्यताक्रम सूची र रद्द गरिएका आवेदकहरुको सूची शिक्षालयगत रुपमा प्रकाशन गरिएको व्यहोरा सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। मुख्य उम्मेदवारको रुपमा छनौट भई भर्नाका लागि सिफारिस भएका उम्मेदवारहरु मिति २०८२।०५।११ गते वुधवार कार्यालय समय भित्र आफ्नो Application Acceptance Card , योग्यताक्रमको प्रति ,शैक्षिक योग्यताको प्रमाण पत्र, नागरिकता वा जन्म दर्ता प्रमाणपत्र , छनौट भएको लक्षित वर्गको सक्कल प्रमाणपत्र र पासपोर्ट साइजको आफ्नो फोटो सहित तोकिएको शिक्षालयमा भर्ना हुन जानकारी गराइन्छ। साथै सम्वन्धित शिक्षालयले यसै सूचनालाई आधार मानी भर्ना सम्वन्धी निर्देशिका र सूचनामा उल्लेख भए वमोजिम उम्मेदवारहरुले पेश गरेका सक्कल प्रमाणपत्र र कागजातहरु शिक्षालयका प्राचार्यले रुजु गरी Online आवेदन दिदा प्रविष्ट गरेका विवरणहरु झुटा ठहरिएमा जुनसुकै समयमा स्वत भर्ना रद्द हुने व्यहोराको कवुलियतनामा गराएर मात्र भर्ना गर्नु गराउनु हुन अनुरोध छ।

**निर्देशक**